# इन्द्रेणी ई-बुलेटिन

समाज परिवर्तनको संवाहक

ई-बुलेटिन मासिक | अंक ७ | वर्ष १ | महिनाः फागुन २०७२

**संरक्षक**
रुद्र मग्राङ्गी

**सम्पादक**
दशरथ अस्लामी

**सम्पादन सहयोगी**
राम बहादुर पाटा
यम राना
नवराज शर्मा
गोपाल खराल
निर्मला दर्लामी

**सम्पर्कको लागि**
इन्द्रेणी समाज केन्द्र, नेपाल
फोन ०७५९२००९१
इमेलः iskpalpa@yahoo.com
वेबसाइटः www.isknepal.org.np
फेसबुकः www.facebook.com/Indreni-Samaj-Kendra-ISK-Nepal

## समाचार संक्षेप-:

- पाल्पा जिल्लाको पिपलडाँडामा एचआइभी परिक्षण घुम्ती क्लिनिक सम्पन्न ।
- पालुङ्मैनादी डिआइसीमा योजनावद्ध समूह छलफल सम्पन्न ।
- मुझुङ्मा गाउँ विकास समितिमा लान्छना र भेदभाव न्युनिकरण तालिम सम्पन्न ।
- कमलादेवी महिला समूह मित्यालद्धारा २ वटा समूहलाई ५ वटा बाख्रा उपहार स्वरुप प्रदान ।
- तानसेन डिआइसीमा झुमर बनाउने तालिम सम्पन्न ।







## साथी शिक्षकहरुका लागि पुर्नताजगि तालिम सम्पन्न ।

इन्द्रेणी समाज केन्द्र नेपालद्धारा अन्र्तराष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग USAID साथ साथ प्रोजेक्टको आर्थिक तथा प्राविधिक सहयोगमा संचालित एचआइभी एड्स, यौन रोग रोकथाम उपचार र हेरचाह कार्यक्रम अन्र्तगत माघ १८ गते रामपुर डिआईसी हलमा पाल्पा जिल्लाका आप्रवासी कामदारहरुको उच्च जनघनत्व रहेका गाबिस अन्तर्गत पुर्विपाल्पाका बिभिन्न गाबिसहरुबाट ८ जना साथी शिक्षकहरुका लागि एकादिने एचआइभी एड्स, यौनरोग, साथी शिक्षक, कण्डम सम्झौता बिषयक तालिम सम्पन्न गरिएको छ । तालिमको सहजिकरण इन्द्रेणी समाज केन्द्र, नेपाल साथ साथ प्रोजेक्टका परियोजना संयोजक दशरथ अस्लामी र सुचना ब्यबस्थापन अधिकृत नवराज शर्माले गर्नुभएको थियो । तालिम सहभागी साथी शिक्षकहरुलाई एचआईभी एड्स र यौनरोगको बिषयमा आधारभुत ज्ञान दिने, सहभागीहरुलाई एचआईभी एड्स सम्बन्धि बर्तमान अबस्था तथा तथ्यांकको बारेमा जानकारी गराउने तथा छलफल गर्ने, साथी शिक्षकहरुले समुदायमा कामगर्ने क्रममा आउनसक्ने तथा आईपरेका बाधा, चुनौति साथै समाधानका लागी सामुहिक छलफल गर्ने, साथी शिक्षक, साथी शिक्षकको भुमिका, महत्व र साथी शिक्षकमा हुनुपर्ने गुणहरुका बारेमा छलफल गर्ने लगायतका उद्धेश्यले गरिएको थियो । तालिम पश्चात साथी शिक्षकहरुले आप्रवासी कामदार तथा तिनका दम्पतीहरुलाई समुदायमा भेला गराई यौनरोग र एचआईभी तथा यसको जोखिमको बारेमा जानकारी गराउने, गाउँ स्तरमा हुने आमा समूह लगायतका बिभिन्न बैठक हरुमा साथ साथ प्रोजेक्टको निशुल्क सेवा बारे जानकारी गराउने, आप्रवासी कामदारहरुलाई कण्डम प्रयोग गर्न कामदारका श्रीमतिहरुलाई जोड दिने लगायतका प्रतिवद्धता जनाएका थिए ।

**सिंगो जिन्दगी भेडा जस्तो भएर बाँच्नु भन्दा बरु एकदिन सिंह नै भएर मर्नु जाति ।**






अल्छिहरु आधा जिन्दगी के गर्ने भन्दै सोचेर बर्बाद गर्छन् र बाँकी आधा जिन्दगीमा ती कुरा किन गर्न सकिएन भनी व्याख्या गर्दै बर्बाद गर्छन् ।

हस्तकला..........



## जिल्ला मानव अधिकार प्रर्वद्धन समिति पाल्पाको गठन

इन्द्रेणी समाज केन्द्र, नेपाल पाल्पाको आयोजनामा पाल्पा जिल्लामा सञ्चालित PROHSEG कार्यक्रम अर्न्तगत जिल्ला स्तरमा मानवअधिकारका क्षेत्रमा कार्य गर्ने विभिन्न संघसंस्था बीच अर्न्तक्रियात्मक बैठक सम्पन्न भएको छ । बैठकमा कार्यक्रम व्यवस्थापक रुद्र मग्राङ्गीले सहभागीहरुलाई स्वागत गर्दे कार्यक्रमको बारेमा प्रष्ट पार्नुभएको थियो । कार्यक्रममा जिल्ला मानव अधिकार अधिकृत नमिता बस्यालले परियोजनाको लक्ष्य, उद्धेश्य, गतिविधिका बारेमा जानकारी गराउनु भएको थियो । जिल्ला स्तरमा गठन हुन लागेको मानव अधिकार प्रर्वद्धन समितिको काम, कर्तब्य र अधिकारका बारेमा कार्यक्रम ब्यवस्थापक रुद्र मग्राङ्गीले प्रष्टाउनु भएको थियो । कार्यक्रमकै क्रममा २५ सदस्यीय जिल्ला मानव अधिकार प्रर्वद्धन समितिको गठन भएको छ । समितिका सदस्यमा जिल्ला स्तरमा मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि रहने ब्यवस्था छ ।

## फोटो ग्यालरी



साथी शिक्षकहरु तालिममा सहभागी हुँदै ।



रामपुर डिआइसीमा कुसन बुन्दै महिलाहरु ।

## नमूना बन्ने प्रयासमा गल्धाको सुन्तलाघारी महिला समूह

पाल्पा जिल्लाको सुदुर पूर्वि गा.वि.स. मित्याल र गल्धामा हेफर इन्टरनेशनल नेपालको सहयोगमा इन्द्रेणी समाज केन्द्र नेपालको साना किसान उद्यमी सवलीकरण परियोजनाको कार्यक्षेत्र पर्दछ । ५५ वटा समूहहरुमा आधारशिला तालिम, पशु श्रोतको उचित ब्यवस्थापन तालिम, १५ वटा समूहमा समूह ब्यवस्थापन तालिम तथा पोषण शिक्षा तालिम लिई सकेपछि समूहमा तथा आफ्नो दैनिक दिनचर्यामा लागु गर्ने आँट र शुरुवात भईरहेको बेलामा २०७२ साल बैशाख १२ गतेको महा भूकम्पले यो ठाउँलाई पनि छोडेन । कसैको घर भत्किए कसैको खोरगोठ, कसैको पशु मरे भने कसैको मानसिक सन्तुलन गुमाउन पुगे । धेरै समूहका दिदी बहिनीहरुले जिन्दगी निराशा नै निराशा मात्र देख्न थाले । अनि पहिले भएका ति सारा आँटहरु सबै विलाएर गए । यसै शिलशिलामा हेफर इन्टरनेशनल नेपालबाट भूकम्प प्रभावित सदस्यहरुको लागि केहि थप सहयोगको आवश्यकता महसुस गर्दै भूकम्प प्रभावितहरुको लागि समूह सहयोग कोष नामको परियोजना भित्रियो । साँच्ची यस परियोजना आएपछि गल्धा ६ बहपुरको सुन्तलाघारी महिला समूहका ८ जना सदस्यहरुले तालिम पछि बनाएको आफ्नो योजनालाई लथालिङ्ग भइसकेको अवस्थालाई विउँझाईदियो । जुन १५००० रुपैयाँ नगदले खोर निर्माण तथा बाख्रा खरिद धमाधम गर्न थाल्यो । खोरमा काठको जोहो गर्दै सिकर्मी ज्याला सहित सबै गरेर १५ हजारले भेटेको छैन तर प्रत्येकले १/१ वटा खोर निर्माण सहित १/१ वटा बाख्रा समेत हालेका छन् । १६ जना सदस्य भएको यो समूहमा ८ जनाले त राम्रा राम्रा खोर बनाएर बाख्रालाई सजिलो गरि बस्ने ठाउँ बनाए । यो देखे पछि आफ्नै खर्च लाग्ने गरि अन्य सदस्हरुले पनि ब्यवस्थित खोरहरु बनाउन थाल्यो । यसरी राम्रा खोरहरु बनिसकेपछि हौसला बापत परियोजनाबाट गा.वि.स.को बजेट अन्तर्गत एक एक हजार रुपैयाँ प्रोत्साहन स्वरुप प्रदान गरियो । यसरी हाल १६ सदस्य भएको समूहमा १६ वटै बाख्राको लागि ब्यवस्थित खोर बनेको समूह भनेर चिन्न सकिन्छ सुन्तलाघारी महिला समूहलाई ।



गल्धा गाउँ विकास समितिमा सुधारिएको बाख्राको खोर ।



मुम्‌ुडमा भएको लान्छना तथा भेदभाव न्युनिकरण तालिमका सहभागीहरु ।